**दोश्रो पटक सूचना प्रकाशन मिति : २०७४/१२/१६ गते**

**सूचना !** **सूचना !!** **सूचना !!!**

सुखीपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुखीपुर सिरहाको आ.व. २०७४/०७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि विकास शाखा तर्फको कार्यक्रममा तोकिए बमोजिम नयाँ पोखरी निर्माण, पुरानो पोखरी सुदृढिकरण र साना सिंचाई(बोर्डिङ्ग जडान) जस्ता कार्यक्रमहरुमा अनुदान दिने कार्यक्रम रहेकोले सोको लागि कृषि पेशामा संलग्न सक्रिय कृषि उद्यमी, कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समूह र समिति (संस्था) हरुले मिति २०७४/१२/१६ देखि २०७४/१२/२२ गतेसम्ममा सुखीपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुखीपुरको कृषि विकास शाखामा तल उल्लेख भए बमोजिमको कागजातहरु सहित कार्यक्रम अनुसार छुटाछुट्टै फाईल बनाई निवेदन दिनु हुन सम्बन्धित सवैको जानकारीको लागि मिति २०७४/१२/८ गते सूचना प्रकाशन गरेकोमा पर्याप्त जानकारी आम जन समूदायमा नभएको भनि बुझिएको र पुनः म्याद थपको माग आएकोले आज मिति २०७४/१२/१६ गतेको निर्णयानुसार पुनः यो सूचना प्रकाशन गरिएको छ ।

**अनुदान प्राप्तीको लागि पेश गर्नु पर्ने कागजातहरु :**

१. कृषि उद्यमी, संस्था भए, संस्थाको छाप सहितको आवेदन ।
२. कृषि उद्यमी, कानून बमोजिम दर्ता एवं नविकरण भएका सक्रिय कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समूह र समितिहरुको दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
३. सम्बन्धित (संस्था): समूह, सहकारी, समितिको निर्णय प्रतिलिपी ।
४. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
५. पोखरी निर्माण गरिने जग्गाको जग्गा धनी प्रमाण पत्रको प्रतिलिपी ।
६. पोखरी निर्माण हुने जग्गाको किता नं. सहित जग्गा कुन अवस्थामा रहेको छ भनि सम्बन्धित वडा/नगरपालिका कार्यालयबाट सिफारिस ।

***यो सूचना सुखीपुर नगरपालिकाको सूचना पाटी साथै न.पा.को वेब साईट***

www.sukhipurmun.gov.np मा पनि हेर्न सक्नु हुनेछ र

*बिशेष जानकारीको लागि सुखीपुर नगर कार्य पालिकाको कार्यालय कृषि विकास शाखामा सम्पर्क गर्न सक्नु हुनेछ ।*

**पुनश्च : सूचनामा उल्लेख भए बमोजिम रीतपुर्वक नदिईएको निवेदन माथि कार्यालय कारबाही गर्न बाध्य हुने छैन ।**

२०७४/१२/१६

सुखीपुर नगर कार्य पालिकाको कार्यालय
कृषि विकास शाखा